प्रति शेयर रु.१००/- अंकित दरको १,०५,४२,६०४ कित्ता हकप्रद शेयरको निष्काशन

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,०५,४२,६०,४००/- (अक्षरेपी एक अर्ब पाँच करोड बयालिस लाख साठी हजार चार सय मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका १,०५,४२,६०४ (एक करोड पाँच लाख बयालिस हजार छ सय चार) कित्ता साधारण शेयरको १:१ अर्थात विद्यमान १ (एक) कित्ता शेयर बराबर नयाँ १ (एक) कित्ता शेयरको अनुपातमा साविकका शेयरधनीहरुको लागि प्रति शेयर अंकित मूल्य रु.१००/- दरले हुने रकम रू.१,०५,४२,६०,४००/- (अक्षरेपी एक अर्ब पाँच करोड बयालिस लाख साठी हजार चार सय मात्र) बराबर १,०५,४२,६०४ (एक करोड पाँच लाख बयालिस हजार छ सय चार) कित्ता हकप्रद साधारण शेयरको सार्वजनिक निष्काशन गर्नको लागि प्रकाशित ।

दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
Dordi Khola Jal Bidhyut Company Limited

रजिष्ट्रर्ड कार्यालयः गोदावरी न.पा.-०८ ललितपुर, **कर्पोरेट कार्यालयः** त्रिपुरेश्वर-११, काठमाडौं
फोनः ०१-५३३२७४९/०१-५३५१४६३
इमेलः info@dordikhola.com.np वेबसाईटः www.dordikhola.com.np

१ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको
हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मितिः २०८१/१२/१९ गते

निष्काशन बन्द हुने मितिः २०८२/०१/०८ गते (बैंकिङ्ग समयसम्म)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त इक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई [ICRANP-IR]B+ [Pronounced ICRA NP Issuer Rating B Plus] रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR]B+ ले Issuers with this rating are considered to have high risk of default regarding timely servicing of financial obligations भन्ने जनाउँछ । यो २०२४ जुन १४ मा सोहि रेटिङ्ग एजेन्सीबाट पुर्नपुष्टि (Reaffirmed) भएको हो । सो रेटिङ्गको वैद्यता अवधि एक वर्ष रहनेछ । इक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ ।

रेटिङ्ग प्रदान गरेको मितिः १४ जुन, २०२४ (२०८१ जेष्ठ ३२) रेटिङ्ग बहाल रहने अवधि मितिः १० जुन, २०२५ (२०८२ जेष्ठ २८)

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०८१/१०/२२ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०८१/१०/२७ ।

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,०५,४२,६०,४००/- को एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा रु.१००/- अंकित दरका १,०५,४२,६०४ कित्ता हकप्रद साधारण शेयर मिति २०८१/११/१४ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. कम्पनीको नाम : दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड (Dordi Khola Jal Bidyut Company Limited) ।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस कम्पनीको रजिष्टर्ड कार्यालय गोदावरी न.पा.-०८ ललितपुर तथा कर्पोरेट कार्यालय का.म.न.पा. ११, त्रिपुरेश्वरमा रहेको छ ।

३. कारोवार स्थान :
यस कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालय गोदावरी न.पा.०८ ललितपुर, कर्पोरेट कार्यालय का.म.न.पा. ११, त्रिपुरेश्वर र जलविद्युत उत्पादन केन्द्र लमजुङ जिल्लाको साविक ढोडेनी, फलेनी र बस्तार गा.वि.स. हाल दोर्दी गाउँपालिका वडा नं. ६ मा रहेको छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालको अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सकिनेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :
कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः
(१) दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६६/११/१४ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय गोदावरी न.पा.-०८ ललितपुर, कर्पोरेट कार्यालय का.म.न.पा. ११, त्रिपुरेश्वर, काठमाडौंमा रहेको छ ।

कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण :
नाम : श्री उमेश पुडासैनी ठेगाना : हेटौंडा-०२, मकवानपुर योग्यता : इलेक्ट्रिकल इन्जिनियरिङमा स्नातक
अनुभव : (१) अधिकृत - सञ्चालन तथा मर्मत - दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड (सन् २०२३ देखि २०२४ नोभेम्बर सम्म) (२) इलेक्ट्रिकल इन्जिनियर - सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ प्रा.लि. (सन् २०२२ देखि २०२३ सम्म) (३) इलेक्ट्रिकल इन्जिनियर - नेपाल इक्राट इन्जिनियरिङ कम्पनी प्रा.लि. (सन् २०१९ देखि २०२२ सम्म) (४) इलेक्ट्रिकल इन्जिनियर - युनिट इन्जिनियरिङ कन्सल्टेन्सी (सन् २०१७ देखि २०१९ सम्म)

८. सञ्चालक समितिको बनौट :
कम्पनीको नियमावलीको नियम (२७)(२) अनुसार यस कम्पनीमा १ (एक) जना महिला संचालक सहित ६ (छ) जनाको सञ्चालक समिति रहने छ । समूह 'क' को तर्फबाट ४ (चार) जना संचालक हुने छन् र समूह 'ख' को तर्फबाट १ (एक) जना संचालक हुनेछन् । १ (एक) जना स्वतन्त्र सञ्चालक रहनेछ । समूह 'ख' को तर्फबाट महिला संचालक नियुक्त हुनेछ ।

क्र.सं.	विवरण	संख्या
१	समूह "क" संस्थापक शेयरधनीहरुबाट	४ जना
२	समूह "ख" सर्वसाधारण शेयरधनीहरुबाट	१ जना

१०. नगद मौज्दातबाट अन्य आयको रुपमा ४% ब्याज दर प्राप्त हुने अनुमान गरिएको छ ।
११. अनुमानित अवधिको लागि मूल्यह्रास दर निम्नानुसार हुने अनुमान गरिएको छ ।

कार्यालय उपकरण	२५%
सवारी साधन	२०%
परियोजना सम्पत्ति (SLM)	२४ वर्ष
साइट प्लाट र उपकरण	१५%

१२. सम्झौता अनुसार दोर्दी १ जलविद्युत परियोजनाको व्यापारिक उत्पादन शुरु भए पछि व्यवस्थापन शुल्क CHDC / LEDCO लाई प्रदान गरिने छ ।
१३. एजेन्सी शुल्क बाँकी ऋणको ०.१५% रहने अनुमान गरिएको छ ।
१४. हकप्रद शेयर १:१ अर्थात रु.१,०५,४२,६०,४००/- रकम बराबरको हकप्रद निष्काशन गरिने छ ।



धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिस्टर्ड कार्यालयः सम मार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८, ०१-४५३६३७५, ०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital